# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

११ माघ, २०७७

### वार्ता र संवादबाटै समस्याको समाधान खोज, जीवन रक्षा गर ।

स्वास्थ्य तथा शिक्षा निःशुल्क हुनुपर्ने लगायतका ५२ बुँदे माग राखी गत पुस ३ गतेदेखि काठमाडौंमा धर्नामा रहेका नेपाल कम्युनिष्ट पार्टी (जनवादी) का महासचिव डीएस महता, भरत धनाडी, ललन सिंह र किशोर सिंहलगायतका व्यक्तिहरूलाई प्रहरीले पटकपटक पक्राउ गरेको तथा निजहरू आमरण अनसनमा रही स्वास्थ्य अवस्था गम्भीर रहेको सम्बन्धमा आयोगको बागमती प्रदेश कार्यालयले अनुगमन गरेको छ ।

अनुगमनको क्रममा निजहरूलाई धर्ना तथा अनसनमा रहेको बखत पटकपटक पक्राउ गरी छोड्ने गरिएको तथा निजहरूको स्वास्थ्यमा समस्या देखिएपश्चात् चावहिलस्थित हेल्पिङ्ग ह्याण्ड अस्पतालमा भर्ना गरिएको पाइएको छ । डीएस महता र भरत धनाडी अस्पतालमा अझै अनसनमा नै रहेको तथा निजहरूको स्वास्थ्य अवस्था जटिल बन्दै गएको पाइएको छ ।

जनसरोकारसँग सम्बन्धित उचित मागहरूको सम्बन्धमा आवश्यक सम्बोधन हुन तथा अनसनरत व्यक्तिहरूसँग आवश्यक छलफल र संवाद गरी निजहरूको जीवन रक्षा गर्न समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आफ्ना माग पूरा गराउन आमरण अनसन जस्तो अप्रिय कदम नचाल्न आयोग अनसनरत पक्षलाई समेत आग्रह गर्दछ ।

..............................
डा. टीकाराम पोखरेल
प्रवक्ता
(सहसचिव)


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org